नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
जलस्रोत तथा सिँचाइ विभाग

# सिँचाइ गतिविधि
# Irrigation Activities

बर्ष ३१ | अंक २ | पूर्णाङ्क ९४ | आ.ब. २०८१/०८२

समाचार खण्ड

## माननीय मन्त्रीज्यूबाट सुनकोशी मारिन डाईभर्सन बहुउद्देश्यीय आयोजनाको अनुगमन तथा निरीक्षण

मिति २०८२ जेष्ठ १८ गते आइतवारका दिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्काज्यू बाट सिन्धुली जिल्ला स्थित राष्ट्रिय गौरबको सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना अन्तर्गतका विभिन्न निर्माण कार्यहरूको अनुगमन गर्ने कार्य सम्पन्न भयो।

यस क्रममा माननीय मन्त्रीज्यूको नेतृत्वमा उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रायलका सह-सचिव श्री सुशिल चन्द्र आचार्य, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक श्री संजीव बराल, उपमहानिर्देशक श्री मित्र बराल तथा उपमहानिर्देशक श्री दिनेश भट्टज्यू सम्मिलित टोलीबाट सुनकोशी गा.पा. वडा नं. ७ स्थित निर्माण सम्पन्न भएको TBM Tunnel exit Platform तथा सुरुङ्गको अवलोकन तथा निरिक्षण भयो।

सो पश्चात सुनकोशी गा.पा. ७ कानढुङ्ग्री र मन्थली न.पा. ६, सेलेघाटमा निर्माणाधिन Diversion Headworks को स्थलगत अवलोकन भयो। स्थलगत अवलोकन पश्चात हेडवर्क्स निर्माण स्थलमा निर्माण व्यवसायी बाँकी पेज १२ मा ..

## सिँचाइ दिवस तथा ७२ औं वार्षिकोत्सव

सिँचाइ दिवस एवं जलस्रोत तथा सिँचाइ विभागको ७२औं वार्षिकोत्सव कार्यक्रम, २०८१ "सम्वृद्व नेपालको आधार सम्पूर्ण कृषियोग्य भूमिमा सिँचाइको विस्तार" भन्ने नाराका साथ मिति २०८१-चैत्र २५ गते सोमबार जलस्रोत तथा सिँचाइ बिभागका महानिर्देशक सन्जीब

बरालज्यूको अध्यक्षता तथा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका तत्कालिन राज्यमन्त्री माननीय पूर्ण बहादुर तामाङ्गको प्रमुख आतिथ्यमा बिभागको सभाहलमा सम्पन्न भएको छ।

उक्त दिवसको अवसरमा सिँचाइ विकासको हालसम्मको अवस्था झल्किने श्रव्यदृस्य सामाग्री प्रस्तुत गरिएको थियो। दिवसको अवसरमा अतिरिक्त कृयाकलाप तर्फ फुटवल, ब्याटमिन्टन, चेस लगायतका विविध खेलकुदका कार्यक्रमहरु आयोजना गरिएका थिए।

सोही अवसरमा करीब ५० जना बाँकी पेज १२ मा ..

यस अंक भित्र


| | |
|---|---|
| माननीय मन्त्रीज्यूको झापा जिल्ला अनुगमन तथा निरीक्षण भ्रमण | ३ |
| नवीनतम यान्त्रिक सिँचाइ आयोजना (MIIP) र सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) सम्झौता सम्पन्न | ३ |
| अध्ययन तथा निर्माण कार्य सम्बन्धी नर्म्स स्वीकृत | ४ |
| जलस्रोत तथा सिँचाइ विभागको संगठन र व्यवस्थापन संरचना स्विकृत | ४ |
| Joint Committee on Inundation and Flood Management (JCIFM) 3rd Sub-Group बैठक सम्पन्न | ४ |
| Ilrrigation Seminar 2025: Water for Agri-Food System Transformation | ५ |
| शंकरपुर ताल सरक्षण निर्माणकार्यको शुभारम्भ | ६ |
| रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट विद्युत उत्पादन कार्य शुरु | ६ |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यू बाट नेपाल गण्डक पश्चिम नहर सिँचाइ प्रणालीको सेटलिङ बेशिन समुद्घाटन | ७ |
| सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना | ७ |
| वहुउदेश्यीय जलस्रोत आयोजनाहरुको औचित्य र अवसर | ९ |
| नवनियुक्त महानिर्देशकको पद बहाली | १२ |

कमला सिँचाइ पूर्वी नहर प्रणाली

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

जलस्रोत तथा सिँचाइ विभाग
जावलाखेल, ललितपुर



**प्रधान संपादक:**
बासुदेव तिमिल्सिना

**सदस्यहरू:**
दिपेन्द्र लौडारी, मञ्जु शर्मा,
सुस्मा चौधरी, सूचना आचार्य,
केशव प्रसाद अधिकारी,
प्रेम हरि पराजुली, जनक पन्थी,
दिपक मणी पोखरेल

**डिजाइन:**
श्याम मणि घिमिरे



http://www.dwri.gov.np

**For News, Articles and Suggestions**
Email: dwri.management@gmail.com


# सम्पादकीय

नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सकेको छैन। वर्षेनी अनपुग कृषि उपज आयात गर्नु पर्ने नेपालको बाध्यता रहेको छ। खेतियोग्य जमिनको उत्पादकत्वमा पर्याप्त सुधार गर्न नसकिएको अवस्था छ। नेपालको संविधानले खाद्य संप्रभुताको अधिकार ग्यारेन्टी गरेको छ । सिँचाइ सुविधा विना खाद्य सुरक्षा संभव छैन। जलस्रोतको दिगो प्रयोग, प्रवर्धन तथा संवर्द्धन गर्ने विषय सविधानले उठाएको छ। त्यसैगरी दिगो विकास लक्ष्यले शुद्ध पानीको कुरा गर्छ। विश्वभर प्रयोग हुने ताजापानीको झण्डै ७०% उपभोग सिँचाइ क्षेत्रले गर्दछ। यसर्थ हामीसँग रहेको सिमित ताजा पानीको प्रभावकारी प्रयोगबाट थोपा थोपा पानीको हिसाब गरी कृषि उत्पादन बढाउनु पर्ने छ। यसर्थ खाद्य सुरक्षाको सुनिश्चितता र कृषि उत्पादनमा गुणात्मक सुधार ल्याउनको लागि सिँचाइमा आधुनिकिकरण अति आवश्यक छ। जिर्ण अवस्थामा रहेका सिँचाइ संरचनाहरूले सिँचाइ पानीको बढी खपत तर सो अनुसार उत्पादनमा कम परिणाम दिने प्रवृत्ति रहेको हुँदा पानीको अधिकतम उपयोग गर्दै वातावरणीय अनुकूलता, पानीको उत्पादनशीलता र आर्थिक लाभदायकतामा ध्यान केन्द्रित गर्नु अपरिहार्य भएको छ। किसानको जीवनस्तर सुधार गर्दै मुलुकको खाद्य सुरक्षालाई दिगो बनाउन सिँचाइ प्रणालीलाई समयानुकूल आधुनिक, स्मार्ट, र उत्तरदायी बनाउनु पर्ने आजको आवश्यक्ता रहेको छ।

जलस्रोत तथा सिँचाइ विभागले पछिल्ला वर्षहरूमा स्पष्ट रुपमा आधुनिकीकरणमा तर्फ रुपान्तरणको लागि जोड दिँदै आएको छ। राष्ट्रिय गौरवका आयोजना अन्तर्गत बबई, रानी–जमरा–कुलरिया, महाकाली सिँचाइ आयोजनाहरूमा सिँचाइ संरचनाहरूको गेटेड इन्टेक, टेलीमेट्री, लगायतका उपायहरू समावेश गरिएका छन्। एशियाली विकास बैंकको सहयोगमा 'नवीनतम यान्त्रिक सिँचाइ आयोजना (MIIP)' अन्तर्गत सर्लाही र रौतहट जिल्लामा स्मार्ट कार्ड प्रणाली सहितको ५०० ट्यूबवेल निर्माणको माध्यमबाट भूमिगत जलस्रोतको भरपर्दो उपयोग गर्दै भरपूर सिँचाइ सुविधा प्रदान गर्ने योजना कार्यान्वयन भइरहेको छ। यो परियोजनाले निजी क्षेत्रको संलग्नता सहित Design-Build-Operate (DBO) मोडेलमा आधारित दीर्घकालीन सेवा प्रवाहको अवधारणा लागू गर्दैछ। स्मार्ट कार्ड प्रणालीमार्फत पानी वितरण, डिजिटल सूचनाको प्रयोग, र मर्मत सम्भारमा स्वचालित प्रणालीको विकासजस्ता गतिविधिले आगामी दिनमा स्मार्ट सिँचाइको मार्ग खोल्नेछ। यसले भूमिगत जल स्रोतको न्यायोचित र दिगो उपयोगमा विशेष योगदान पुऱ्याउनुका साथै तराई क्षेत्रमा खाद्य उत्पादनको आधारशिला बलियो बनाउनेछ।

यसै गरी एशियाली विकास बैंकको सहयोगमा 'सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP)' ले परम्परागत कृषक व्यवस्थित सिँचाइ प्रणाली सुधार, राजापुर सिँचाइ प्रणालीको आधुनिकीकरण, एकीकृत बाली तथा जल व्यवस्थापन, जलवायु–स्मार्ट कृषि, डिजिटल एडभाएजरी, महिला सशक्तिकरण, लिफ्ट सिँचाइ प्रविधि जस्ता नवप्रवर्तन कार्य अघि सारेको छ। यी सबै प्रयासले विभागको आधुनिकीकरणतर्फको यात्रालाई प्रतिबिम्बित गर्दछ। IMEP आयोजनाबाट सतह सिँचाइ प्रणालीको ३२,००० हेक्टर क्षेत्र आधुनिकीकरण हुँदैछ भने १२ वटा पहाडी लिफ्ट सिँचाइ प्रणालीहरूमा आधुनिक प्रविधिको प्रयोग नमुनाको रूपमा गरिंदैछ। यसले जलवायु स्मार्ट कृषि प्रणालीलाई संस्थागत गर्दै कृषकहरूको जीवनस्तरमा दिगो सुधार ल्याउने अपेक्षा गरिएको छ।

अहिलेको आवश्यकता भनेको सिँचाइ प्रणालीमा थप नवप्रवर्तन, र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु हो। यसका लागि स्पष्ट Guidelines, प्रविधिको प्रयोग तथा स्थानीयकरण (Localization), एकीकृत बाली तथा जल योजनाको प्रयोग तथा यी विषयहरूको सन्दर्भमा जल उपभोक्ताहरुको क्षमता अभिवृद्धि गर्नु दिगोपनको लागि अति आवश्यक छ जसले किसानको खेतमा पानी मात्र होइन, समृद्धि पनि पुऱ्याउन सकोस्।

# मानननीय मन्त्रीज्यूको झापा जिल्ला अनुगमन तथा निरीक्षण भ्रमण

मिति २०८२ जेष्ठ २५ गते आइतबारका दिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्काज्यूबाट मन्त्रालय मातहतका निकायहरूले झापा जिल्लामा सञ्चालन गरेका विकास निर्माण कार्यहरूको अनुगमन गर्ने कार्य सम्पन्न भयो । यस क्रममा माननीय मन्त्रीज्यूले, झापा जिल्लाको कन्काई नदीले हुलाकी राजमार्ग नजिक दायाँ किनार तर्फ गत वर्ष २०८१ असोज १०, ११ र १२ गते रातिको अविरल बर्षाको कारण आएको बाढीले बगाएको नदीको पश्चिमी तटबन्धको क्षति र सो को विपद्पुनर्लाभ तथा पुनःनिर्माण कार्यको अनुगमन गर्नु भयो । चालू आ. व. २०८१/८२ मा ठेक्का व्यवस्थापन भई निर्माण शुरु भएको उक्त योजनामा डेढ महिनाको अवधिमा करिब ६५% भौतिक प्रगति हासिल भएको छ । मुखैमा आउन लागेको मनसुनी वर्षा अगावै सो काम पुरा हुन सक्ने अवस्था नदेखिएकोले नदीको दायाँ किनारबाट बाढी पस्न सक्ने सम्भावित खतरा रहेको र त्यसो भएमा होक्लबारी, झोडा लगायतका गाउँहरूका करिब एकसय घरधुरीमा डुबान भई विस्थापित हुने अवस्था आउन सक्ने हुँदा त्यसलाई तत्कालै अस्थाई प्रबन्धबाट तटबन्ध, छेकबार, माटोका डिल लगायतका आपतकालिन विपद् प्रतिकार्यका कृयाकलाप सञ्चालन गरेर बाढी गाउँमा पस्ने अवस्थालाई रोकथाम गर्न निर्देशन दिनु भयो । यसै गरी माननीय मन्त्रीज्यूले पूर्व-पश्चिम महेन्द्र राजमार्गमा अवस्थित कन्काई नदीको पुल भन्दा माथि उत्तर तर्फको क्षेत्र शिवसताक्षी न.पा. बाँकी पेज ११ मा ..

## नवीनतम यान्त्रिक सिँचाइ आयोजना (MIIP) र सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) सम्झौता सम्पन्न

२०२४ डिसेम्बर ११ मा नेपाल सरकार र एशियाली विकास बैंक (ADB) बीच नवीनतम यान्त्रिक सिँचाइ आयोजना (MIIP) कार्यान्वयनका लागि औपचारिक सम्झौता सम्पन्न भएको छ । सम्झौताअनुसार आयोजनाको कूल लागत १६० मिलियन अमेरिकी डलर रहको छ, जसमा ADB बाट १२० मिलियन ऋण र १० मिलियन अनुदान प्रदान गरिनेछ भने बाँकी ४० मिलियन अमेरिकी डलर नेपाल सरकारको रहनेछ ।

सर्लाही र रौतहट जिल्लामा भूमिगत जलको प्रयोग मार्फत ५०० वटा डिप ट्युबवेल प्रणाली स्थापनाका माध्यमबाट करिब २२,४०० हे. क्षेत्रमा वर्षैभरी भरपर्दो सिँचाइ सुविधापुऱ्याउने लक्ष्यका साथ यो आयोजना अघि बढाइएको हो । यो आयोजना नेपालको सिँचाइ इतिहासमै पहिलो पटक Design-Build-Operate (DBO) मोडालिटीमा १० वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै सिँचाइ प्रणाली सञ्चालन तथा मर्मतसम्भार गर्ने अवधारणा सहित कार्यान्वयनमा ल्याइएको हो। यस आयोजनाले मधेस प्रदेशको सिँचाइ सेवा वितरणमा दिगो सुधार र कृषकहरूको जीविकोपार्जनमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा राखेको छ ।

त्यसैगरी २०२४ डिसेम्बर २३ मा नेपाल सरकार र एशियाली विकास बैंक (ADB) बीच "सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP)" कार्यान्वयनका लागि ८५ मिलियन डलर सहयोगको औपचारिक सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुसार नेपाल सरकार, ADB, साउदी विकास कोष, र लाभग्राहीहरूको संयुक्त लगानीमा १३३.६४ मिलियन अमेरिकी डलर बराबरको बजेटमा सो आयोजना सञ्चालन गरिनेछ । सहुलियतपूर्ण ऋणका माध्यमबाट प्राप्त यो सहकार्यले नेपालको कृषि क्षेत्रमा जलवायु अनुकूल, आधुनिक तथा दिगो सिँचाइ प्रविधि विस्तार गर्ने लक्ष्य राखेको छ ।

IMEP अन्तर्गत कोशी, मधेश र बागमती प्रदेशका किसानद्वारा व्यवस्थापन गरिएका सिँचाइ प्रणालीहरू (करीब १८,००० हे.) को आधुनिकीकरण, राजापुर सिँचाइ प्रणाली (१४,००० हे.) आधुनिकीकरण तथा गण्डकी र लुम्बिनी प्रदेशका १२ वटा नमुना लिफ्ट सिँचाइ प्रणाली (१,४०० हे.) समेत निर्माण गरीनेछ । यस आयोजना बाट एकीकृत बाली तथा जल व्यवस्थापन प्रवर्द्धन, र जलवायु-स्मार्ट कृषि व्यवसाय स्थापना गरिनेछ । आयोजनाले करिब ५६,००० किसान परिवारहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउनेछ । यान्त्रीकरण, मूल्य श्रृंखला विकास, महिला सशक्तिकरण, तथा स्थानीय संस्थाहरूको क्षमता अभिवृद्धिजस्ता समावेशी र दिगोपनामा आधारित रणनीतिहरूले IMEP लाई नेपालको जलस्रोत तथा कृषि क्षेत्रको एक महत्वपूर्ण परिवर्तनकारी प्रयासको रुपमा स्थापित गर्ने अपेक्षा गरिएको छ । बाँकी पेज १२ मा ..

## अध्ययन तथा निर्माण कार्य सम्बन्धी नर्म्स स्वीकृत

जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गत कार्यान्वयन हुने जलस्रोत संरक्षण, जल उत्पन्न प्रकोप व्यवस्थापन तथा सिँचाइ संरचना निर्माण, मर्मत तथा सञ्चालन कार्यहरुको लागि आवश्यक पर्ने परामर्श सेवा खरिद सम्बन्धी Study Norms, 2081 ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८१/०७/०२ मा र निर्माण कार्य सम्बन्धी Rate Analysis Norms for Works, 2081 नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८१/११/२६ को बैठकबाट स्वीकृत भई प्रयोगमा ल्याइएको छ। स्वीकृत अध्ययन नर्म्समा बहुउद्देश्यीय, जलाशययुक्त एवं अन्तर जलाधार जल पथान्तरण आयोजनाहरू, भूमिगत जलस्रोत, लिफ्ट तथा सतह सिँचाइ आयोजनाहरुको पहिचान तथा अध्ययन कार्यलाई समावेश गरिएको छ। त्यस्तै अन्तर जलाधार जल पथान्तरण आयोजनाहरुको लागि Tunnel Boring Machine ले सुरुङ खन्ने कार्य, नदी नियन्त्रणको लागि नवीनतम प्रविधिहरुको प्रयोग लगायतका कार्यहरु समेत समावेश गरी निर्माण कार्यको नर्म्स तयार गरिएको छ। नर्म्सहरुको प्रयोगबाट अध्ययन तथा निर्माण कार्यको लागि अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा आएका विभिन्न प्रविधि, निर्माण सामग्री तथा मेसिनरी औजार/उपकरणहरुलाई समेत आवश्यकताअनुसार उपयोग गरी अध्ययन तथा निर्माण कार्य छिटो, छरितो तथा मितव्ययी बनाउने अपेक्षा गरिएको छ ।

## जलस्रोत तथा सिँचाइ विभागको संगठन र व्यवस्थापन संरचना स्विकृत

मिति २०८१/१२/११ को मन्त्रीपरिषद बैठकले जलस्रोत तथा सिँचाइ विभागको संगठन संरचना तथा दरबन्दी स्वीकृत गरेको छ । यस अघि जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गत ६० वटा संगठन संरचना रहेकोमा हाल कायम संगठन संरचना पनि ६० वटानै कायम हुन गएको र दरबन्दी तर्फ सामान्य परिवर्तन भएको छ । पहिले ६२३ कूल दरबन्दी रहेकोमा अब ६२१ दरबन्दी कायम भएको छ । नयाँ संगठन संरचना अनुसार जलस्रोत तथा सिँचाइ विभागमा यसअघि १०४ दरबन्दी रहेकोमा हाल १०५ दरबन्दी कायम हुन गएको छ; त्यस्तै आयोजना कार्यान्वयन समूह र आयोजना व्यवस्थापन समूहमा पहिले ४८९ दरबन्दी रहेकोमा अहिले ४९३ दरबन्दी हुन गएको छ । कम्प्युटर अपरेटर, सि.ए.ओ., ना.सु. जस्ता दरबन्दी कटौती हुन गएको छ भने विभागको मुख्य जिम्मेवारी सम्पन्न गर्न आवश्यक प्राविधिक जनशक्ति इन्जिनियर, कम्प्युटर इन्जिनियर, सब-इन्जिनियर तथा समाजशास्त्री को दरबन्दी नयाँ सृजना हुन गएको छ । यसअघि जलस्रोत तथा सिँचाइ विभाग र अर्न्तगतका आयोजना कार्यालयहरु तराईमा मात्र केन्द्रित रहेकोमा नयाँ स्वीकृत संगठन तथा व्यवस्थापन संरचनाबाट आयोजना कार्यालयहरु पहाडि तथा हिमाली क्षेत्रमा समेत स्थापना/स्थानान्तरण भएकोले विपद् व्यवस्थापन, नदी नियन्त्रण, जलस्रोत संरक्षण र सिँचाइ तथा जलश्रोतको दिगो व्यवस्थापनमा देशभर विभागको उपस्थिति रहने हुँदा कार्यसम्पादन राम्रो रहने अपेक्षा गरिएकोछ ।

## Joint Committee on Inundation and Flood Management (JCIFM) 3rd Sub-Group बैठक सम्पन्न

नेपालमा उत्पत्ति हुने धेरैजसो नदीहरु नेपाल हुँदै भारततर्फ बग्ने गर्दछन् । यी नदीहरुबाट विशेषतः वर्षाको समयमा नेपाल-भारतका सीमावर्ती क्षेत्रहरुमा बाढी, डुवान, जमिन कटान आदि हुने गरेको छ र हरेक वर्ष ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। यस्ता समस्याहरुको दीर्घकालीन समाधानका लागि दुबै देशका सरकारहरु बिच विभिन्न द्विपक्षीय सम्झौताहरु भएका छन् भने छलफल, विचार आदान प्रदान र समस्या समाधानका लागि विभिन्न संयन्त्रहरु बनाइएका छन्, जसमध्ये एउटा महत्वपूर्ण संयन्त्र Joint Committee on Inundation and Flood Management (JCIFM) हो । JCIFM को स्थापना भारतको नयाँ दिल्लीमा 12 देखि 13 March 2009 मा बसेको 4th Meeting of Joint Committee on Water Resources (JCWR) बाट भएको हो । JCIFM को मुख्य उद्देश्य नेपाल-भारत सिमाना आसपास बाढी, डुवान र जमिन कटान नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धि कार्यहरु गर्नु हो । नेपालतर्फ जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक र भारत तर्फ Ganga Flood Control Commission (GFCC) का सदस्यको नेतृत्वमा बस्ने यस JCIFM को हाल सम्म १४ बटा बैठकहरु सम्पन्न भइसकेका छन् । JCIFM को पहिलो बैठक June 30 देखि July 05, 2009 सम्म संचालन भएको थियो भने चौधौं बैठक 12 देखि 13 March, 2022 सम्म संचालन भएको थियो । नेपाल र भारत बीचको सीमावर्ती क्षेत्रहरुमा हुने बाढी, डुबान र बाँकी पेज ११ मा ..

# Irrigation Seminar 2025: Water for Agri-Food System Transformation

The Department of Water Resources and Irrigation (DWRI), with the collaboration of co-organizers organized a one-day seminar titled "Irrigation Seminar 2025: Water for Agri-Food System Transformation" on 15th May 2025 in Kathmandu. The event was co-hosted in collaboration with the Nepal National Committee on Irrigation and Drainage (NENCID) country membr of International Commission on Irrigation and Drainage (ICID), the International Water Management Institute (IWMI), and the Centre for Applied Research and Development (CARD) at the Institute of Engineering (IoE). This high-level seminar convened a diverse group of stakeholders including ministers, government officials, researchers, practitioners, policy makers, and development partners from sectors related to irrigation, water resources, and agriculture. The gathering aimed to explore strategic pathways for transforming Nepal's agri-food systems through improved irrigation and water resource management. Over 30 poster presentations were also showcased, highlighting a wide range of research and innovations in irrigation, water management, and agriculture.

The seminar was formally inaugurated by Mr. Dipak Khadka, Honorable Minister for Energy, Water Resources, and Irrigation, Government of Nepal. In his opening address, Minister Khadka reiterated the government's strong commitment to prioritizing irrigation and water resources within national policies and budget allocations. Mr. Madhav Belbase, former ICID Vice President and current honorable member of Nepal's Public Service Commission, underscored the importance of rethinking traditional irrigation planning approaches to ensure long-term sustainability and resilience of irrigation systems.

Ms. Sarita Dawadi, Secretary of Water Resources and Irrigation highlighted the importance of irrigation for food security, food productivity, resilience, economic growth and rural development. Mr. Marco Arcieri, President of ICID, delivered a keynote speech emphasizing global advancements in irrigation technologies and the need for smart water management practices to increase efficiency and productivity in the sector. Mr. Sanjeeb Baral, Director General of DWRI, shared key initiatives underway to reform the irrigation sector in Nepal, including strengthened collaboration with the agricultural sector to enhance food security and system efficiency. A keynote lecture by Dr. Mark Smith, Director General of IWMI, explored the role of water systems in facilitating agri-food transformation, drawing on global experiences from research-for-development initiatives. He highlighted innovative practices and integrated approaches necessary for climate-resilient agriculture.

Prof. Dr. Shiva Raj Adhikari, Vice President of the National Planning Commission (NPC) addressed the interlinkages between agricultural performance and national economic growth. He highlighted the "lost opportunities" due to underperformance in the agricultural sector and stressed that agriculture cannot be viewed in isolation from the broader economy. While agriculture's share of GDP is declining, its overall value and interconnection with non-agricultural sectors continue to grow.

A series of expert presentations and group discussions followed, with a strong emphasis on the role of irrigated agriculture in boosting crop productivity. A panel discussion focused on identifying actionable pathways for synergizing irrigation development with other agricultural inputs to improve food security and resilience. The seminar concluded with a summary of key takeaways presented by Dr. Santosh Kaini, Deputy Director General of DWRI. He emphasized the importance of integrated, cross-sectoral collaboration and evidence-based planning in driving the transformation of Nepal's agri-food systems.

## शंकरपुर ताल संरक्षण निर्माण कार्यको शुभारम्भ

मिति २०८२/११/२० मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्काज्यू बाट शंकरपुर ताल एकीकृत सिँचाइ तथा जलस्रोत संरक्षण योजनाको निर्माण कार्यको सुभारम्भ भयो । उक्त सुभारम्भ कार्यक्रममा कपिलबस्तु क्षेत्र नं. २ का संघीय सासंद माननीय सुरेन्द्र राज आचार्यज्यू, लुम्बिनी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय सीता शर्मा चौधरीज्यू, लुम्बिनी प्रदेशका प्रमुख सचिव श्री बावुराम अधिकारीज्यू, जलस्रोत तथा सिँचाइ बिभागका तत्कालिन महानिर्देशक श्री देवराज निरौलाज्यू, लुम्बिनी प्रदेशका सचिव श्री विष्णु भण्डारीज्यू, प्रमुख जिल्ला अधिकारी श्री दिलकुमार तामाङ, उप-महानिर्देशक श्री खिलानाथ दाहालज्यू, बिजयनगर गा.पा. अध्यक्ष श्री गोपाल थापाज्यू, स्थानीय जनप्रतिनिधिहरु तथा कृषक समुदाय लगायतको उपस्थिति रहेको थियो ।

शंकरपुर ताल कपिलबस्तु जिल्लाको विजयनगर गा.पा. वार्ड नं. २ र ४ मा अवस्थित रहेको छ । करिव १४ हेक्टर क्षेत्रफलमा फैलिएको यस तालको स्पीलवे, इम्ब्यांकमेन्ट, आउटलेट लगायतका संरचनामा २०७९ सालको बाढीले क्षति पुग्न गई लामो समय देखि ताल संचालनमा आउन नसकेकोले ताल क्षेत्र चरिचरणका रुपमा प्रयोग हुँदै आइरहेको छ भने अतिक्रमणको चपेटामा समेत परेको छ ।

जलस्रोत तथा सिँचाइ विभाग, जावलाखेल अन्तर्गतको सिँचाइ तथा जलस्रोत संरक्षण आयोजना (IWRMP) बाट तालको पुन: निर्माण गरी करिव ७०० हेक्टर कृषि योग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा पुर्‍याउने र तालको सौन्दर्यिकरण र संरक्षण गर्ने उद्देश्य रहेको छ । योजनाको निर्माण पश्चात ताल क्षेत्रको जैविक विविधता (Biodiversity) को संरक्षण भई वातावरणमा अनुकूल प्रभाव पार्ने, ताल आसपासका करिव ७०० हेक्टर कृषि योग्य जमिनमा सिँचाइका लागि पानीको उपलब्धता हुने, ताल क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गर्दै विजयनगर गा.पा. को पर्यटकीय विकासमा टेवा पुग्न जाने र सिमावर्ती भारतीय पर्यटकहरुलाई समेत आकर्षण गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

## रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट विद्युत उत्पादन कार्य शुरु

कैलाली जिल्लामा अवस्थित रानी जमरा कुलरिया सिँचाइ आयोजनाको विद्युत गृहबाट जलविद्युत उत्पादन शुरु भएको छ । आयोजनाको फिडर नहर (चेनेज १०+३००) मा अवस्थित ४.७१ मेगावाट क्षमताको विद्युतगृहबाट मिति २०८० साल माघ महिनाको १६ गतेदेखि विद्युत उत्पादन शुरु भएको हो । उत्पादन भएको विद्युत विद्युतगृहबाट करिब ६ किलोमिटरको दुरीमा अवस्थित नेपाल विद्युत प्राधिकरणको लम्की सव-स्टेशन मार्फत राष्ट्रिय ग्रीडमा जोडि वितरण भइरहेको छ । मिति २०८२/०२/२३ गते सम्म उक्त विद्युतगृहबाट २०,८६६ किलोवाट घण्टा (KWh) विद्युत उत्पादन भइसकेको छ ।

रानी जमरा कुलरिया सिँचाइ प्रणाली कृषकबाट निर्माण तथा व्यवस्थापन गरिएको सबैभन्दा ठूलो सिँचाइ प्रणाली हो । यस प्रणालीको निर्माण रानी (सन् १८९६), जमरा (सन् १९०३) र कुलरिया (सन् १९१५) मा किसानहरुको अथक प्रयासबाट भएको थियो । नेपाल सरकारले आ.व. २०६६/६७ देखि यो प्रणालीको आधुनिकीकरण गरी कैलाली जिल्लाको टीकापुर नगरपालिका, लम्कीचुहा नगरपालिका र जानकी गाँउपालिकाको करिब १४,३०० हेक्टर जमिनमा व्यवस्थित र भरपर्दो सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ राष्ट्रिय गौरवको आयोजनाको रुपमा शुरु गरेको थियो । आयोजनाले २०८० साल बैसाख २५ गतेदेखि उक्त १४,३०० हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराइरहेको छ । यसका साथै आयोजनाले लम्की विस्तार शाखा नहर बाट पथरैया नदी सम्मको करीब ६,००० हेक्टर थप जमिनमा सिँचाइ विस्तार गर्नको लागि करिब १४ किलोमिटर लम्की विस्तार मूल नहरको निर्माण सम्पन्न गरिसकेको छ भने शाखा र प्रशाखा नहरको निर्माण कार्य जारी रहेको छ । यसैगरी पथरैया नदी देखि पश्चिम कान्द्रा नदीसम्मको थप १८,००० हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा विस्तार गर्ने कार्य आ.व. २०८२/८३ देखि शुरु गर्ने गरी रानी जमरा कुलरिया सिँचाइ आयोजना तेस्रो चरणका तयारीका कार्यहरु भइरहेको छ ।

## ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यू बाट नेपाल गण्डक पश्चिम नहर सिँचाइ प्रणालीको सेटलिङ बेशिन समुद्घाटन

मिति २०८२/०२/२६ गते जिल्ला स्थित सरोकारवालाहरु, नवलपरासी पश्चिम क्षेत्र नं १ का संघीय सांसद माननीय बिनोद चौधरी ज्यू, जलस्रोत तथा सिँचाइ विभागका उप-महानिर्देशकज्यूहरु श्री मित्र बराल, श्री बासुदेव तिमल्सिना, प्रमुख जिल्ला अधिकारी, स्थानीय पालिका प्रमुखहरु, राष्ट्रिय सिँचाइ जलउपभोक्ता महासंघका उपाध्यक्ष लगायतको उपस्थितिमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्काज्यू द्वारा एक औपचारिक कार्यक्रम सहित सेटलिङ बेशिनको समुद्घाटन सम्पन्न भयो ।

नेपाल र भारत सरकार बीच सन् १९५९ डिसेम्बर १६ मा भएको गण्डक सम्झौता बमोजिम नवलपरासी जिल्लाको करीब १०,३०० हे. जमिनमा सिँचाइ सुविधा

उपलब्ध गराउने उद्देश्यले निर्मित नेपाल गण्डक पश्चिम नहर सिँचाइ प्रणाली वि.सं. २०३५ सालमा सम्पन्न भई भारत सरकारबाट नेपाल सरकारलाई हिस्तान्तरण भएको थियो । यस सिँचाइ प्रणालीको प्रमुख समस्या सिल्ट डिपोजिसन रहेको हुँदा यसले नहरको बाँकी पेज १२ मा ..

आयोजना परिचय

# सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना

### आयोजनाको विवरण

सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजनाको उद्देश्य नेपालका कोशी, मधेश र बागमती प्रदेशहरूमा रहेका किसानबाट-व्यवस्थित सिँचाइ प्रणालीको उत्पादकत्व, लाभ र जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु हो । साथै यस आयोजनाबाट राजापुर सिँचाइ प्रणालीको महत्वपूर्ण स्थानहरुको पुनः निर्माण गर्ने तथा गोरखा, लमजुङ, तनहुँ र पाल्पा जिल्लाका विभिन्न स्थानहरुमा १२ वटा लिफ्ट सिँचाइ प्रणाली निर्माण गरिनेछ । यस आयोजनाले सिँचाइ प्रणालीलाई आधुनिकीकरण गर्ने, एकीकृत बाली तथा जल व्यवस्थापन प्रवर्द्धन गर्ने र जलवायु-स्मार्ट कृषि व्यवसायको संस्थागत गर्ने लक्ष्य राखेको छ । आयोजनाबाट करिब ५६,००० कृषकहरु लाभान्वित हुने अपेक्षा गरिएको छ ।

### मुख्य गतिविधिहरु:

» ३२,००० हेक्टर सतह सिँचाइ प्रणालीको आधुनिकीकरण गर्ने।

» १,३५४ हेक्टर सुख्खा पहाडी भूभागमा सिँचाइ पुऱ्याउनका लागि पहाडी लिफ्ट सिँचाइ प्रणालीहरु नमुनाको रुपमा निर्माण गर्ने।

» किसान तथा सरकारी संस्थाहरुलाई एकीकृत बाली तथा जलस्रोत व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।

» कृषि उत्पादकत्व र उत्पादन सुधार गर्न यान्त्रीकरण तथा व्यवसायीकरणको प्रवर्द्धन गर्ने।

» सिँचाइ प्रणालीको सञ्चालन र मर्मतसम्भारमा किसानलाई आत्मनिर्भर बनाउन पहल गर्ने।

यो आयोजना नेपाल सरकारको राष्ट्रिय जलस्रोत रणनीति (२००२–२०२७), कृषि विकास रणनीति (२०१५–२०३५) र राष्ट्रिय जलस्रोत नीति (२०७७) सँग तादम्यता हुने गरी तयार पारिएको छ । यसले जलस्रोत उपयोगको दक्षता, कृषि प्रवर्द्धन र संस्थागत सुद्दढीकरणलाई सहयोग गर्ने उद्देश्य राखेको छ । साथै, साना किसानहरुमाझ जलवायु-स्मार्ट कृषि प्रवर्द्धन गरेर नेपालले विश्वसामु गरेको जलवायु प्रतिवद्धतालाई पनि सम्बोधन गर्नेछ । एशियाली विकास बैंकको रणनीतिसँग तादम्यता कायम गर्दै, आयोजनाले ग्रामीण गरिबी न्युनीकरणका लागि निम्न कार्यहरु गर्ने लक्ष्य राखेको छ:

» महिला किसानहरुको सशक्तिकरण गर्ने।

» जलस्रोतको संरक्षण सुनिश्चितता र जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने।

» खाद्य सुरक्षाको प्रवर्द्धन तथा गरिबी न्युनीकरण गर्ने।

नेपालमा खाद्य सुरक्षामा सुधार ल्याउनु आयोजनाको मुख्य अपेक्षा हो, भने आयोजनाको उपलब्धि आयोजना कार्यान्वयन हुने क्षेत्रमा कृषि उत्पादकत्व र यसको दिगोपनामा सुधार ल्याउनु रहेको छ ।

### संक्षिप्त उपलब्धिहरु

उपलब्धि १: सिँचाइ पुर्वाधारको आधुनिकीकरण: १७,४५२ हेक्टर क्षेत्रफलको किसानद्वारा व्यवस्थित १०० वटा सिँचाइ प्रणाली (FMIS) र १४,५०० हेक्टर क्षेत्रफलको राजापुर सिँचाइ आयोजनाको आधुनिकीकरण गर्ने जस अन्तर्गत मुख्यतः गेटेड इन्टेक संरचना, नदी किनाराको सुरक्षा र सिँचाइ नहरहरुको निर्माण तथा पुनःनिर्माण

गर्ने । १,३५४ हेक्टर क्षेत्रफल सिँचित हुने १२ वटा पहाडी लिफ्ट सिँचाइ प्रणालीमा पानी वितरणमा आधुनिक प्रविधिको प्रयोग गर्ने ।

उपलब्धि २: सिँचाइ तथा कृषि क्षेत्र हेर्ने संस्था तथा कृषि समूहहरुको क्षमता अभिवृद्धि : किसान, सरकारी निकाय र स्थानीय तहका लागि एकीकृत बाली तथा जलस्रोत व्यवस्थापन (ICWM) को क्षेत्रमा क्षमता विकास गर्ने । सिँचाइ व्यवस्थापनका लागि जलउपभोक्ता संस्थाहरु (WUAs) को विकास गर्ने। कृषि व्यवसाय, वित्तीय पहुँच र बजार सुविधाका लागि जल उपभोक्ता सहकारी (WUCs) को स्थापना गर्ने। दीगो प्रणाली सञ्चालन गर्न ३३% महिला तथा १०% वञ्चित वर्गको समूहलाई तालिम प्रदान गर्ने । राष्ट्रिय रुपमा प्रयोग गर्नका लागि ICWM मार्गचित्र र तालिम मोड्युलहरु निर्माण गर्ने लगायत ।

उपलब्धि ३: आधुनिक कृषि प्रणाली तथा मूल्य श्रृंखला सुविधा प्रवर्द्धन: जलवायु-स्मार्ट कृषि प्रणाली, यान्त्रीकरण र आधुनिक प्रविधिको प्रयोग प्रवर्द्धन गर्ने । बालीनाली भण्डारण, प्रशोधन र बजार पहुँच सुधारद्वारा मूल्य शृंखलाको विकास गर्ने। मौसम, बाली योजना तथा व्यापार सम्बन्धी डिजिटल परामर्श सेवा प्रदान गर्ने । मेसिनरी, कोल्ड स्टोरेज र डिजिटल सूचना बोर्डले जलउपभोक्ता संस्था/ जलउपभोक्ता सहकारीलाई सहयोग गर्ने । कृषि उपकरणमा ५०% तथा सुविधामा १५% अनुदानसहित वित्तीय सहायता गर्ने लगायत ।

## आयोजना व्यवस्थापन संरचना

आयोजना नेपाल सरकारको संघीय प्रणाली अन्तर्गत संघीय, प्रादेशिक र स्थानीय स्तरमा सञ्चालन गरिनेछ ।

### १. संघीय स्तर

ऊर्जा, जल स्रोत तथा सिँचाइ मन्त्रालय कार्यकारी निकायको रुपमा रहने छ। सिँचाइ तथा जलस्रोत विभाग र कृषि विभागले आयोजना कार्यान्वयन गर्ने छन्। उर्जा जलस्रोत तथा सिँचाइ सचिवको अध्यक्षतामा हुने आयोजना संचालक समितिले निरिक्षण र निर्देशन गर्नेछ । संचालक समितिमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग, कृषि विभाग र प्रादेशिक मन्त्रालयका प्रतिनिधिहरु रहने छन् । यो आयोजना दुईवटा आयोजना व्यवस्थापन एकाइहरुबाट सञ्चालन हुनेछन् एक जलस्रोत तथा सिँचाइ विभागमा रहने केन्द्रीय आयोजना व्यवस्थापन कार्यालय (CPMO) र दोस्रो कृषि विभागमा रहने केन्द्रीय कृषि व्यवस्थापन कार्यालय ।

### २. प्रादेशिक स्तर

प्रदेशमा रहेका प्रदेश सिँचाइ र भौतिक पुर्वाधार हेर्ने मन्त्रालय र कृषि विकास मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय (DOAD) प्रदेश अन्तर्गतका प्रमुख कार्यान्वयन निकाय हुने छन् । संघीय स्तरमा ४ वटा आयोजना कार्यान्वयन एकाइहरु (PIUs) रहने छन् जसले आयोजनाको सिँचाइ र कृषि सम्बद्ध मुख्य जिम्मेवारी बहन गर्नेछन् । ७२ वटा PIUs ले प्रदेश तथा स्थानीय स्तरमा आयोजना कार्यान्वयन गर्ने छन् । स्थानीय स्तरमा आयोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न सह-आयोजना व्यवस्थापन समितिहरु (SMCs) स्थापना गरी समुदाय तहमा आयोजनाको कार्यान्वयनको सहजिकरण गरिनेछ ।

### ३. प्रमुख कार्यालयहरुको जिम्मेवारी

केन्द्रीय आयोजना व्यवस्थापन कार्यालय (CPMO) समग्र आयोजना कार्यान्वयन र समन्वयको जिम्मेवार निकाय हुनेछ । यो निकायले वित्त, पूर्वाधार, तालिम, सञ्चार तथा अनुगमनको डेस्क स्थापना गरी आयोजना कार्यान्वयन गर्नेछ । केन्द्रीय कृषि व्यवस्थापन कार्यालय (CAMO) कृषि सम्बध्द उपलब्धी हेर्ने छ जसले वित्त, जलवायु-स्मार्ट कृषि, तालिम तथा कृषि वित्त सम्बन्धी व्यवस्थापन गर्न समर्पित डेस्क स्थापना गर्ने छ । यस आयोजनाले सबै तहमा जवाफदेहिता सुनिश्चित गर्दै संघीय निकायहरुले प्राविधिक सहयोग प्रदान गर्नेछ भने प्रदेश निकायहरु कार्यान्वयनमा केन्द्रित हुनेछन् ।

### गुनासो सम्बोधन संयन्त्र (GRM) को संक्षिप्त विवरण

गुनासो सम्बोधन संयन्त्र (GRM) आयोजना कार्यान्वयन गर्ने क्रममा उठ्ने वातावरणीय र सामाजिक मुद्दा सम्बोधन गर्न बनाइएको संयन्त्र हो । यसले आयोजनाका पक्षहरुबाट भएका प्रतिबद्धता अनुसार कार्य नहुँदा उत्पन्न गुनासाहरुको प्रभावकारी रुपमा समाधान सुनिश्चित गर्नका लागि कार्य गर्ने छ ।

### गुनासो सम्बोधनको तीन-तहमा रहने छ :

**स्थानीय (फिल्ड) तह:** यो तहमा प्राप्त गुनासाहरु साइट इन्जिनियर, सामुदायिक सहजकर्ता र आदिवासी प्रतिनिधिहरु सम्मिलित टोलीद्वारा समाधान गरिने छ । यो तहमा प्राप्त हुने गुनासो ७ दिनभित्र समाधान गर्नु पर्ने हुन्छ । समाधान हुन नसकेमा सह-आयोजना व्यवस्थापन समिति तहमा पठाइने छ ।

**सह-आयोजना (SMC) तह:** यो तहमा सह-आयोजना प्रमुखको अध्यक्षतामा गुनासो सम्बोधन समिति (GRC) हुन्छ । यसले गुनासो सम्बोधन प्रकृया अवलम्बन गरी १५ दिन भित्र गुनासो सम्बोधन गर्नु पर्ने हुन्छ । संस्थागत विकास एकाइले गुनासो अभिलेख राखी अनुगमन गर्ने छ । गुनासो समाधान नभएमा केन्द्रीय आयोजना व्यवस्थापन कार्यालय (CPMO) तहमा पठाइने छ ।

**केन्द्रीय (CPMO) तह:** आयोजना निर्देशकको अध्यक्षतामा केन्द्रीय तहमा गुनासो सम्बोधन समिति रहने छ । सुरक्षा समन्वय अधिकृत (Safeguard Liaison Officer) ले गुनासो अभिलेख तथा प्रतिवेदन व्यवस्थापन गर्ने छ । यो तहमा पनि १५ दिनभित्र निर्णय गर्नु पर्ने छ । साथै गुनासो पेस गर्ने व्यक्तिलाई कुनै पनि चरणमा कानुनी उपचार खोज्ने अधिकार सुरक्षित हुनेछ ।

# वहुउदेश्यीय जलस्रोत आयोजनाहरुको औचित्य र अवसर

– हरि वहादुर थापा, सि.डि.इ., जलस्रोत तथा सिँचाइ विभाग

राष्ट्रियस्तरमा हेर्ने हो भने सिँचाइ अलग्गै वा प्राथमिक क्षेत्र होइन । यसर्थ सिँचाइका मुद्दाहरु राष्ट्रिय महत्वको माथिल्लो तहमा उच्च प्राथमिकता र महत्वका साथ उठेको प्रत्यक्ष नदेखिन पनि सक्छन । तर जलस्रोत उपयोगको एक प्रमुख उपभोग क्षेत्र, कृषिमा निर्भर तथा कृषिलाई प्रमुख पेशाका रुपमा अपनाएका दुई तिहाई भन्दा वढि जनसंख्याको सरोकारको विषय रहेकोले यसको सहायक क्षेत्र तथा अप्रत्यक्ष रुपमा मुलुक विकासका हरेक क्षेत्रका आयामहरुसँग सिँचाइ विकास र व्यवस्थापनको आयाम सधै जोडिएर आएको हुन्छ । नागरिकको जीविकोपार्जनसँग जोडिएको विषय भएकोले कृषि कर्मको शुरुवातसँगै सिँचाइ व्यवस्थापन पनि शुरु भएको मानिन्छ । नेपालमा संस्थागत रुपमा सिँचाइ विकासको अभ्यास शुरु भएको शताव्दी पुरा हुदा यसले धेरै संस्थागत परिवर्तन र सांगठनिक स्वरुपमा फेरवदल व्यहोरेको छ । पछिल्लो समय मुलुकमा संघीयता कार्यान्वयन भएपछि तीनै तहका सरकारहरुका वीच सिँचाइ विकास र व्यवस्थापन सम्वन्धी जिम्मेवारीहरु वाँडफाँट भएका छन । यसलाई प्राथामिकीकरण, स्तरीकरण तथा प्रभाव क्षेत्रका आधारमा समन्वयात्मक विधीले कार्यान्वयन गर्ने गरि राष्ट्रिय जलस्रोत नीति, २०७७ र राष्ट्रिय सिँचाइ नीति, २०८० तर्जुमा भई कार्यान्वयन भएको तथा जलस्रोत विधेयक स्विकृतिको अन्तिम चरणमा रहेको छ । सिँचाइ गुरुयोजना, २०१९ (परिमार्जन, २०२४) ले मार्ग निर्देशन गरे बमोजिम जलस्रोत तथा सिँचाइ आयोजनाहरु विकास गर्न तत् अनुरुपको तयारी र स्रोत परिचालनको सुनिश्चितता जरुरी छ ।

उपभोक्ताको सकृय र सारभूत भूमिका सहित राज्यबाट भएका विभिन्न पहलबाट अहिले सम्म सिँचाइ क्षेत्रले जति  उपलव्धि हासिल गरेको छ, ती उपलव्धिहरु प्रगतिशिल प्रवृत्तिमा रहे पनि मुलुकले अपेक्षा वमोजिम विकास गरि किसानहरुका आवश्यकता वमोजिमको पानी उपलव्ध गराउन अझै पनि यथेष्ठ समय, स्रोत तथा प्रविधि लाग्ने देखिएको छ । राज्यका अपेक्षा र किसानका ति आवश्यकताहरु पुरा गर्न अहिलेको अवस्थामा केहि सारभूत परिवर्तन गर्नुपर्ने चुनौती रहेका छन् । ती चुनौतीको पहिचान, विश्लेषण र तद्अनुरुप यस क्षेत्रको विन्यास गरिनु पुर्व शर्त हो । यस्ता चुनौतीहरुलाई सामना गर्न अवका दिनमा एकल रुपमा सिँचाइका आयोजनाहरुको विकासले मात्रै सम्भव र व्यवहारिक हुदैन । यसका लागि हालको जलस्रोत तथा सिँचाइ विभागको कार्यक्षेत्र, संस्थागत र सांगठनिक संरचना, जनशक्ति तथा स्रोत व्यवस्थापनमा पुनरावलोकन मात्रै होइन सारभूत रुपमा परिवर्तन गर्नु आवश्यक छ ।

विद्यमान जलस्रोत नीति तथा सिँचाइ नीतिले सिँचाइ विकास तथा व्यवस्थापनको भूमिका तीनै तहका सरकारहरु वीच समन्वयात्मक विधी अनुसार कार्यान्वयन गर्ने परिकल्पना गरेको छ । संघीय सरकारका लागी जलस्रोत तथा सिँचाइ विभागले राष्ट्रिय गौरव, राष्ट्रिय प्राथमिकता, अन्तर जलाधार नदी पथान्तरण वहुउद्देश्यीय तथा अन्य विविधतापूर्ण एवं महत्वपुर्ण सिँचाइ आयोजनाहरुको अध्ययन, विकास तथा व्यवस्थापन गर्दै आएको छ । सीमित स्रोत, साधन, प्रविधी र अनेक खाले जटिलता वीच विभागले सात दशकको अवधिमा किसान तथा सरोकारवालाहरुसँगको समन्वयमा १५ लाख हेक्टर भन्दा वढी क्षेत्रमा सिँचाइ सुविधापुर्‍याउन सफल भएको छ । अहिले पनि मुलुकका ६ वटा राष्ट्रिय गौरवका आयोजना सहित अन्य धेरै महत्वपुर्ण आयोजना साथै विगतमा अलग्गै विभागबाट संचालित जलउत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी जिम्मेवारीहरु पनि यहि विभागबाट वहन हुने गरि सांगठनिक स्वरुप निर्धारण गरिएको छ । संघीयता कायान्वयन पश्चात विभागको नाममा जलस्रोत अगाडि नै राखिनुको अर्थ विभागलाई विगतमा जस्तो केवल सिँचाइ क्षेत्रको मात्र जिम्मेवारी नभइ मुलुकको समग्र जलस्रोत क्षेत्रको अग्रणी विभागका रुपमा परिकल्पना गरिएको सहजै वुझिन्छ । यसले अवका दिनमा आयोजनाहरु विकास गर्दा केवल क्षेत्रगत उपयोगको परम्परागत अवधारणाबाट माथि उठेर एकिकृत जलस्रोत व्यवस्थापनको सिद्वान्त अनुरुप यसको मुख्य उपभोग क्षेत्र सिँचाइ लगाएत जलस्रोतका संभावित सवै खाले उपभोग क्षेत्रहरुको वहुआयामिक पक्षलाई समेत ख्याल गरि आयोजनाहरु विन्यास गर्ने अग्रणी जिम्मेवारी यस विभागलाई तोकिएको देखिन्छ । सन् २००२ मा तयार गरि लागू गरिएको जलस्रोत रणनीतिले एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई जलस्रोत विकासको सैद्वान्तिक आधार माने अनुसार हाल संसदमा विचाराधिन जलस्रोत विधेयकले कानूनी आधार प्रधान गरि जल तथा उर्जा आयोगको यस सम्वन्धी नियमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । तसर्थ उक्त व्यवस्था र अवधारणा अनुरुप जलस्रोतका वहुउद्देश्यीय आयोजनाहरु कार्यान्वयन र व्यवस्थापन गर्न परिस्थीतिवश यस विभागलाई वाध्यात्मक अवस्था समेत सृजना हुन पुगेको छ ।

अहिलेको हाम्रो सन्दर्भमा वहुउद्देश्यीय आयोजनाहरु केवल हाम्रा घरेलु वहश र छलफलका मात्रै विषयवस्तु अवश्य होईनन । यी वाध्यात्मक र परिस्थितिजन्य उपज हुन । एकातिर विश्वभरि नै सिँचाइ क्षेत्रलाई पानी वढि उपयोग (वा दुरुपयोग) गर्ने क्षेत्रका रुपमा परिभाषित गरिँदै आएको छ भने अर्को तिर वढ्दो जनसंख्या संगै अन्य उपभोग क्षेत्रमा वढिरहेको माग र जलवायु परिवर्तनका नकारात्मक असरहरुले जलस्रोत उपलव्धता माथि थपेका जोखिमहरुको दोहोरो चपेटामा यो क्षेत्र परिरहेको

छ। हाम्रो जस्तो आम मानिसको जीविकोपार्जनको मूल आधार निर्वाहमुखी कृषि भएको, जलविद्युतलाई एक प्रमुख आर्थिक खम्बा मानिएको मुलुकमा जलस्रोतको लाभदायी उपयोग गरि सिँचाइ विकास तथा जल विद्युत उत्पादन साथै जीविकोपार्जनका अन्य क्षेत्रहरु धान्नु पर्ने अवस्था रहेको छ । पछिल्लो एक दशकमा मुलुकमा जलविद्युत उत्पादनको हिस्सा उल्लेख्य रुपमा वढेको तथा यो क्रम अझै केहि वर्ष कायम रहने अवस्था रहेका छ। तर, आजैका दिनमा पनि हाम्रा जलविद्युत केन्द्रहरुका कारण अधिकांश नदीहरुको प्राकृतिक अवस्थिति भूमिगत हुन पुगेको छ । जसका कारण जलस्रोत उपयोगका अन्य क्षेत्रहरुमा नकारात्मक प्रभाव परेको, वातावरण तथा नदी पर्यावरणमा प्रतिकूल असर परेको मात्र नभई नदीको प्राकृतिक र मौलिक स्वरुपमा समेत नकारात्मक असर परेका भनी विभिन्न कोणबाट आलोचित भएको एवं जलवायु परिवर्तनका नकारात्मक असरले यी जलविद्युत केन्द्रहरुले लक्षित ऊर्जा उत्पादन क्षमता गुमाउने जोखिम वढेको छ । यी सवै परिस्थितीका कारण अव कुनै पनि नदी वा जलस्रोतबाट क्षेत्रगत आयोजनाहरु विकास गर्न छोडेर वहुउद्देश्यीय आयोजनाहरु विकास गर्नसके मात्रै माथि उल्लेख गरिएका जोखिमबाट मुलुकले समयमा नै राहत पाउन सक्रे छ । र यस्ता आयोजना विकासका लागी जलस्रोत तथा सिँचाइ विभाग वाहेक अरु थप निकायको परिकल्पना गरिनु व्यवहारिक र सहज समाधान होइन ।

विभागको नाममा जलस्रोत थपिनु अघि नै विभागले सिँचाइ आयोजनाहरुको दिगोपना, पानीको अधिकतम लाभदायी उपभोग तथा मुलुकको आर्थिक सामाजिक रुपान्तरणमा ठोस योगदान पुग्ने उद्धेश्यका साथ सिँचाइ आयोजनाहरुलाई वहुउद्देश्यीय रुपमा विन्यास गर्न शुरु गरिसकेको थियो । आयोजना विकास गर्दा सिँचाइका साथ मुलुकमा ऊर्जा उत्पादनमा समेत योगदान दिनुका साथै आयोजनास्थलमा सामाजिक विकास गरि स्थानीयको जीविकोपार्जन र अर्थतन्त्रलाई समेत आयोजना विकासको अभिन्न अंगका रुपमा विकास गर्ने सोचले साच्चिकै सार्थकता पाउदै आएको छ । विगतमा स्थानीय किसानहरुबाटै विकास र व्यवस्थापन गरिदै आएको पश्चिम तराइ क्षेत्रको रानी जमरा कुलरिया सिँचाइ आयोजनाले स्थानीय किसानहरुसँग समन्वय गरि उनीहरुका लागि आवश्यक सिँचाइ विकास स्थानीय सामाजिक आर्थिक तथा जीविकोपार्जन सहज पार्नुका साथै उक्त आयोजना संगै एककृत रुपमा सफल ऊर्जा उत्पादन गरिसकेको छ। यो सफलताले हाल विभागबाट विकास भई रहेका दुई राष्ट्रिय गौरवका नदी पथान्तरण वहुउद्देश्यीय आयोजनाहरु भेरी ववइ र सुनकोशी मरिनबाट समेत ऊर्जा उत्पादन गरि राष्ट्रिय प्रशारणमा समाहित गर्न सहज वातावरण सृजना गरेको छ । यसै मोडेलमा विभागबाट अन्य संभावित आयोजनाहरुको अध्ययन भईरहेको छ । यसरी उत्पादन भएको ऊर्जाको व्यवसायिक तथा व्यवस्थापकीय मोडालिटी कसरी तय गर्ने भन्ने विषयमा अहिले सम्म ठोस निक्र्यौल हुन नसके पनि यो विषयमा आयोजना, विभाग तथा मन्त्रालयको अवधारणा अनुसार नेपाल सरकारले निकट भविष्यमा तय गर्ने मोडालिटीले भविष्यमा यस्ता वहुउद्देश्यीय आयोजनाहरुको प्रवर्धनमा अवश्य पनि टेवा तथा प्रोत्साहन पुग्नेछ ।

जलस्रोतको समग्र विकासको जिम्मेवारी परिकल्पना गरिए अनुसार वहुउद्देश्यीय जलस्रोत आयोजनाहरु अध्ययन तथा विकासको चरणमा प्रवेश गरिए पनि त्यस अनुरुप विभागको सांगठनिक स्वरुप निर्धारण हुन सकेको छैन । परम्परागत रुपमा सिँचाइ क्षेत्रमा अभ्यस्त एवं दीक्षित सँगठन र जनशक्तिका भरमा वहुआयामिक महत्व र प्रभाव राख्ने वहुउद्देश्यीय आयोजनाहरु संचालन गर्नुपर्ने वाध्यताले गर्दा यि आयोजनाहरुको रफ्तार र प्रभावकारी व्यवस्थापनमा कठिनाई परेको अनुभव गर्न सकिन्छ । वहुउद्देश्यीय आयोजना अध्ययन, विकास तथा व्यवस्थापन गर्दा तिनका क्षेत्रगत अवसर र सीमितताका साथै यस्तै परिवेश रहेका अन्य मुलुकहरुको यस्ता आयोजना विकासका क्रममा गरेका अनुभवहरु पनि महत्वपूर्ण हुन सक्छन । यसर्थ, विभाग भित्र वहुउद्देश्यीय जलस्रोत आयोजनाहरु अध्ययन, डिजाइन, कार्यान्वयन र व्यवस्थापन गर्न सक्ने बहुआयामिक क्षेत्रका जनशक्तिको दिर्घकालिन व्यवस्थापन गरिनु अनिवार्य आवश्यकता हुदै गएको छ । बहुआयामिक आयोजनाबाट उत्पादित ऊर्जा, सृजित अन्य अवसरहरु तथा तिनको व्यवसायिक लक्ष्य अनुरुप संचालन गर्नसक्ने जनशक्तिको विकास आजैबाट गर्नु जरुरी छ । भोलिका दिनमा यस्ता आयोजनाहरुबाट उत्पादित ऊर्जा नेपाल विद्युत प्राधिकरण जस्ता संस्थालाई सिधा वेच्ने गरि मोडालिटी तय गरियो भने पनि ति विद्युतगृहहरुलाई निर्वाध संचालन र व्यवस्थापन गर्न सक्ने खुवी विभागले प्रदर्शन गर्न सकेन भने त्यस अघिका यी सवै प्रयास र लगानीहरु निरर्थक हुन जानेछन । यस्ता विद्युत केन्द्रहरुलाई संचालन गर्न त्यससँग सम्वधित विषयगत सँगठन र जनशक्ति तत्कालै व्यवस्थापन गर्न विभागलाई कठिनाइ पर्नजानेछ । सिँचाइ जलउपभोक्ताको संस्थागत क्षमता विकास र सिँचाइ व्यवस्थापन हस्तान्तरण भनेर नीतिगत रुपमा विगत देखि हामीले धैरै प्रयत्न जारी राखे पनि ठूला खालका सिँचाइ आयोजनाहरुमा यसबाट ठोस उपलब्धी हांसिल गर्न सकिएको छैन ।

कृषिमा परम्परागत विधि र अभ्यासहरु कमजोर मात्रै होइन कठिन पनि हुदै गएको र यसको संरचना समेत परिवर्तन हुदै गएकोले अवका दिनमा ठूला सिँचाइ आयोजनाहरुको व्यवस्थापनमा निजी वा पब्लिक

## वहुउदेश्यीय जलस्रोत ....

कम्पनीको अवधारणा विकास गर्नुपर्ने अवस्था सृजना हुदैछ । सिँचाइ सुविधा यान्त्रिकिरणको अभ्यास विभागले शुरु गरिसकेको र विचाराधिन जलस्रोत विधेयकको प्रावधान अनुसार जल तथा ऊर्जा आयोगले तयार पारेको जलस्रोत उपभोगकर्ताका लागि स्वचालित प्रणालीमा आधारित पुर्वनिर्धारित, सीमित र नियन्त्रित अनुपातमा उपलव्ध हुने पानीको व्यवस्थापन संवेदनशिल र महत्वपुर्ण हुने अवस्था सृजना भएको छ । निकट भविष्यमा देखिन सक्ने यी यावत परिस्थिती र संभावनाहरुलाई मध्यनजर गरि विभागको सँगठन संरचना र जनशक्तिलाई जलस्रोतको वहुआयामिक परिदृष्यबाट विन्यास, विकास, विस्तार र नतिजामुखी वनाउनु पर्दछ । वहुउद्देश्यीय आयोजनाहरुको संचालन र व्यवस्थापनका लागि विभागले आफै यस्तो सँगठन र जनशक्ति निर्माण गर्न नसक्ने हो भने क्षेत्राधिकार र जिम्मेवारी स्पष्ट हुने गरि पव्लिक कम्पनी स्थापनाको मोडेलका वारेमा समेत विभागले समयमा नै प्रस्ताव, छलफल र वहश अगाडि वढाउनु उपयुक्त हुन्छ । विभागको कार्यक्षेत्र र जिम्मेवारीका वारेमा वेलैमा सचेत र सकृय हुन सकियो भने भोलिका दिनमा विभाग क्षेत्रगत रुपमा सिँचाइ भन्दा पनि जलस्रोतका नामले दिगो, प्रभावकारी तथा औचित्पूर्ण हुने मात्रै होईन यसले मन्त्रालयका उद्देश्य प्राप्तिमा समेत ठोस योगदान दिनसक्ने छ ।

## Joint Committee on Inundation and Flood ....

कटान जस्ता समस्याहरुको अनुगमन गरी सुझाब लिने उद्देश्यले बाह्रौ JCIFM मा सब-कमिटिको गठन भएको छ । नेपाल तर्फ जलस्रोत तथा सिँचाइ विभागका उप-महानिर्देशक (जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा) र भारत तर्फ GFCC का निर्देशकको नेतृत्वमा बस्ने सो सब-कमिटीको हाल सम्म तीन वटा बैठक तथा स्थलगत अनुगमन सम्पन्न भैसकेका छन् । नेपाल तर्फ जलस्रोत तथा सिँचाइ विभागका उप-महानिर्देशक डा. सन्तोष कैनी र भारत तर्फ GFCC का निर्देशक श्री संजीव कुमारको नेतृत्वमा तेस्रो सब-कमिटिको बैठक तथा स्थलगत अनुगमन 20 देखि 24 March 2024 मा सम्पन्न भएको छ । परराष्ट्र मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग तथा सम्बन्धित आयोजना प्रमुखहरुको साथ साथै भारत तर्फको प्रतिनिधिहरुको उपस्थितिमा मोहना, गेरुवा, कर्णाली, बजबजुवा नाला, कलकलवा बाँध, नरैनापुर गाउँपालिका, बाँके, बन्जरहा, लालबकैया, जमिन्दारी बाँध, लखन्देही नदी, कुनौली बजार, खाडो नदी तथा बजबजुवा नाला, कलकलुवा वाँध बाँकिको बजबजुवा गा.पा., वन्जरहवा, जमिनकारी वाँध, कुनैली बजार लगायतका विभिन्न समस्याग्रस्त स्थानहरुका निरीक्षण भएको छ ।

## मानननीय मन्त्रीज्यूको झापा जिल्ला अनुगमन ....

वडा नं. १० मा नदीको दायाँ किनारमा भएको तीव्र डिल कटान तथा वस्ती विस्थापन हुँदै गरेको क्षेत्रको निरीक्षण गरी अन्तर मन्त्रालय समन्वय गर्ने गरी माननीय भौतिक योजना मन्त्रीज्यूसँग समेत छलफल गर्ने र यो कटानलाई रोक्ने प्रकारको विपद् प्रतिकारका कार्य सञ्चालन गर्न निर्देशन दिनु भयो ।

माननीय मन्त्रीज्यूले झापा भूमिगत जल सिँचाइ आयोजनाद्वारा कार्यान्वयनमा रहेका भूमिगत जल सिँचाइ योजनाहरुको स्थलगत निरीक्षण गर्नु भयो । निरिक्षणका क्रममा उहाँले भूमिगत जल सिँचाइ योजनाहरूले तत्कालै प्रतिफल दिने भएकोले यस्ता खालका योजनाहरूको कार्यान्वयन विस्तार गरी प्रभावकारी सञ्चालनबाट कृषकको जिवनस्तरमा सकारात्मक परिवर्तनमा योगदान गर्नु पर्छ भन्ने निर्देशन दिनु भयो ।

यसै गरी माननीय मन्त्रीज्यूले विर्तामोड स्थित विद्युत प्राधिकरणको केन्द्र निरीक्षण गर्नु भई उक्त केन्द्रले दिने सेवा, सुविधा तथा हासिल गरेको प्रगतिको विवरण लिनु भयो र विद्युत प्रसारणका कार्यहरू गर्दा व्यवसायिक तरिकाले सोच्न र विद्युत प्रसारणमा हुने लापर्बाहीबाट हुने मानवीय क्षति न्यूनिकरण गर्ने र विद्युत चुहावटलाई नियन्त्रण गरी जनताको सेवालाई प्राथमिकतामा राखेर कार्य अगाडि बढाउन हुन निर्देशन दिनु भयो ।

तोकिएका वार्षिक कार्यक्रमहरू र स्वीकृत वार्षिक कार्यक्रमहरू स्वीकृत विनियोजित बजेटबाट पारदर्शी तरिकाले प्रचलित कानुनले तोकिएका प्रकृया पुरा गरि समयमै प्रगति हासिल गर्न, गुणस्तर युक्त कार्य गर्न जनताको तटबन्ध कार्यक्रम, झापा लगायत सो भ्रमण कार्यक्रममा उपस्थित विद्युत प्राधिकरण विर्तामोड केन्द्र, विद्युत प्राधिकरण दमक केन्द्र, विद्युत प्राधिकरण धुलाबारी केन्द्र, क्षेत्रीय विद्युत प्राधिकरण, विराटनगर लगायत झापा भूमिगत जल सिँचाइ आयोजनाका कार्यालय प्रमुख तथा कर्मचारीहरुलाई माननीय मन्त्रीज्यूले निर्देशन समेत दिनु भयो। माननीय मन्त्रीज्यूले पत्रकारद्वारा राखेका विकास निर्माण, बजेट विनियोजन तथा रकमान्तर सम्बन्धी जिज्ञासाहरुको जवाफ दिनु भयो ।

## सिँचाइ दिवस तथा ७२ औं ....

रक्तदाताले रक्तदान गर्नु भएको थियो । खेलकुदमा विजय हुने खेलाडी तथा रक्तदाताहरूलाई प्रमुख अतिथिबाट पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

'राष्ट्रिय खाद्य सुरक्षाकोलागि सिँचाइको सुनिश्चितता' विषयलाई केन्द्रमा राखी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्रीमान् सरिता दवाडीको अध्यक्षता तथा जलस्रोत तथा सिँचाइ विभागका सि.डि.इ. डा. नारायण सुबेदीको मध्यस्थतामा Panel Discussion समेत गरिएको थियो जसमा सम्बन्धित क्षेत्रका बिषशेज्ञहरु प्यानल सदस्यहरु हुनुहुन्थ्यो ।

सोही अवसर पारी जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिका २०८०/८१ र जलस्रोत तथा सिँचाइ दर्पण २०८२ सार्वजानिक गरिएको थियो भने २०८१ सालमा सेवा निवृत हुनु भएका महानुभावहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा उत्कृष्ट आयोजना र जलउपभोक्ता संस्थालाई प्रोत्साहन गर्ने उद्देश्यले उत्कृष्ट आयोजना र जल उपभोक्ता संस्था छनौट गरी पुरस्कृत समेत गरिएको थियो। उत्कृष्ट आयोजनाको रुपमा बबई सिँचाइ आयोजनाले सफलता हासिल गर्यो भने उत्कृष्ट जल उपभोक्ता संस्थामा सुनसरी मोरङ सिँचाइ आयोजना अन्तर्गत रहेको जलउपभोक्ता संस्था मानिकचौरी उपशाखाले सफलता हासिल गरेको थियो ।

## नविनतम यान्त्रिक ....

वर्ष मर्मत संभार तथा सञ्चालन गरि आर्थिक वर्ष २०९६/९७ मा सम्पन्न हुने ।

**आयोजना/कार्यक्रमको कुल लागतः**

नेपाल सरकार र दातृ निकाय ADB बिच भएको सम्झौतामा ऋण र अनुदान प्रभावकारिताका लागि सबै सर्तहरु पूरा भई, मिति ६ फेब्रुअरी २०२५ मा निम्नानुसारको ऋण र अनुदान प्रभावकारी भइसकेको छ ।

नेपाल सरकारः ३५ मिलियन अमेरिकन डलर

बैदेशिक ऋणः ११० मिलियन अमेरिकन डलर

बैदेशिक अनुदानः १५ मिलियन अमेरिकन डलर

**जम्माः १६० मिलियन अमेरिकन डलर**

**जनशक्ति व्यवस्थापन**

कुल स्थायी दरबन्दीः पदपुर्तिः२६, रित्तः ०७

कुल अस्थायी दरबन्दीः पदपुर्तिः ५,

रित्तः ४, फाजिलः०, करारः५

## नवनियुक्त महानिर्देशकको पद बहाली

नेपाल सरकार (मा. मन्त्री स्तर) को मिति २०८१/११/२६ को निर्णयानुसार मन्त्रालयका सहसचिव श्री संजीव बराल जलस्रोत तथा सिँचाइ विभागको महानिर्देशक को रुपमा कामकाजमा खटिनु भएको छ भने तत्कालिन महानिर्देशक श्री देवराज निरौला ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सहसचिव पदमा सरुवा हुन भएको छ ।

मिति २०८१/११/२७ मा नव नियुक्त महानिर्देशकज्यू को विभागमा पद वहाली भएको छ ।

## नेपाल गण्डक पश्चिम नहर सिँचाइ ....

क्षमतामा कमी भइ पुछारसम्म पानी नपुग्ने भएकाले यसलाई तत्काल समाधान गर्ने उद्देश्यले Construction of Settling Basin of Nepal Gandak West Canal Irrigation System निर्माण कार्य मिति २०७९/०९/०५ मा श्री भैरव-नारायनम् जे.भी, नेपालगंज सँग रु. ३०,४०,४६,५६२ (मु.अ.क. बाहेक) रकममा सम्झौता गरी सम्पन्न भएको थियो । यसको Average Silt Concentration 1923.43 PPM, D20 =0.09 र D50=0.0269 mm अनुसार Normal Operation Condition मा D20 माथिको ९0% particle थिग्रिने गरी 420*56*5.5m को Settling Zone, 30 m Inlet Zone, 20 m Outlet Zone, VRB, RCC Lined Canal र 10.2 m3/s का CR Cum VRB का संरचनालाई १४.५ $m^3/s$ क्षमता संचालन गर्दा ८० दिन र ८.५ $m^3/s$ क्षमतामा संचालन गर्दा १३६ दिनको अन्तरालमा सफा गर्ने गरी २ वटा Ramp सहितको ४७० मिटर लम्बाइको संरचना निर्माण भएको छ । यसको निर्माण पश्चात हाल ८,७०० हेक्टर सिँचित क्षेत्र रहेको यस सिँचाइ प्रणाली भित्र सहजरुपमा सिँचाइ सुविधा उपलब्ध भैरहेको छ ।

## सुनकोशी मारिन डाईभर्सन ....

श्री पटेल रमण जे.भि. का प्रतिनिधिहरु, परामर्शदाता श्री JV of SMEC-EMAY-Jade-CMS in association with ECoCoDE Nepal का प्राविधिक कर्मचारी तथा आयोजनाका कर्मचारीसँग आयोजनाको वर्तमान अवस्था, समस्या एंव चुनौतीहरु सन्दर्भमा छलफल एंव अन्तरक्रिया भयो । छलफल पश्चात आयोजनाको कमलामाई न.पा. वडा नं. २, कुसुमटार स्थित पावरहाउस तथा सर्जसाफ्ट निर्माण स्थलको अवलोकन निरिक्षण कार्य भएको थियो ।